# ९

# येशू, गुरुहरुका उत्कृष्ट गुरु

*यस अध्यायका मूल पदहरू:* लूका ८:२२-२५, लूका ४:३१-३७, लूका ६:२०-४९, लूका ८:१९-२१, लूका १०:२५-३७, व्यवस्था ६:५।

*मूल सार पद:* **“येशूको शिक्षा सुनेर तिनीहरू छक्क परे किनकि उहाँको प्रवचन अधिकारपूर्ण वा सक्तिशाली थियो।" (लूका ४:३२ रूपान्तरित)।**

“जब येशू यस संसारमा आउनुभयो तब मानव जीवन अत्यन्त गिर्दो अवस्थामा परेको महसुस गरिएको थियो। समाजको संरचनाको जगहरू भत्किरहेका थिए। जीवन एक मिथ्या वा झुठो भएको थियो अर्थात् देखावतीमात्र देखिन्थ्यो...झुठपूर्ण जीवन बिताउन वाध्य हुँदा मानिसहरू वाक्क भएका थिए। उचित जीवन बिताउनुको सट्टा तिनीहरू सांसारिक लोभ मोहमा फसेर आफूले आफैलाई धोका दिने जीवन बिताइरहेका थिए। परमेश्वरसँग रहने भविष्यको जीवनलाई बिर्सेर केवल अहिलेको निम्ति बाँच्न पुगेका थिए।

"तिनीहरूले परमेश्वरलाई चिन्न नै छोडेका थिए। मानिसहरूलाई सम्मानजनक व्यवहार गर्न तिनीहरूले छोडे। सत्य, आदरसम्मान, इमान्दार र दया तथा करूणा यस पृथ्वीबाट बिलाउँदै थियो। अति महत्त्वाकाँक्षा र लोभले गर्दा एक आपसमा अविश्वासको वातावरणले जन्म लिएको थियो। काम, कर्तव्य र असली मानव अधिकारका अवधारणाहरूलाई सपना जस्तै हुत्त्याएर फैंकेका थिए। अस्वस्थ प्रतिस्पर्धा गर्दै समाजको माथिल्लो दर्जामा पुग्न र नेता भएर अरूलाई शोषण गर्न शक्ति पाउन तिनीहरूले सर्वसाधारण जनतालाई पशु वा तल्लो जात जस्तै व्यवहार गर्न पुगेका थिए। खाएरपिएर मोजमज्जा गर्दै सजिलो जीवन बिताउँदै, धनसम्पत्ती थुपारौं र अरूलाई थिचोमिचो गर्दै आफू बलियो बनौं भन्ने लक्ष्यले ती मानिसहरू परिचालित भएका थिए। ती मानिसहरू अस्वस्थ थिए, मानसिक रूपमा सुस्त थिए र आत्मिक रूपमा मुर्दा थिए। त्यस खालको संसारमा येशू रहनुभएको थियो।"- एलेन जी ह्वाइट, एडुकेशन, पृ. ७४बाट रूपान्तरित।

येशूले जुन शिक्षादीक्षा सिकाउनुभयो त्यो किन सिकाउनुभयो भनेर उहाँ आउनुभएको यो गिर्दो संसारको चरित्रले पनि स्पष्ट पार्छ।

## १. येशूको आधिकारकता (लूका ८:२२-२५)

लूका चिकित्सक वा डाक्टर र विद्वान थिए। त्यसकारण अधिकारले सुसम्पन्न हुनु भनेको के हो भनेर उनलाई थाहा थियो। विभिन्न सरकारी काम कुरामा रोमी सरकारको कस्तो अधिकार थियो भनेर उनलाई थाहा थियो। उनी प्रेरित पावलको सहयात्री थिए र पावलले स्थापना गरेका चर्चहरूमा प्रचार गर्दा कस्तो खालको अधिकार पाएर ती चर्चहरूलाई निर्देशन दिएका थिए भनेर उनलाई थाहा थियो। मानिसको स्तरको आधार उसले पाएको अधिकारमा भरपर्छ भन्ने कुरो लूकालाई थाहा थियो। उदाहरणमा गुरू र चेलाको बीचमा हुने सम्बन्धमा गुरूको स्थान ठूलो हुन्छ। विभिन्न आधिकारिक स्तरमा रहेका नेता तथा अगुवाहरूसँग आफू उठबस गर्ने गरेको हुनाले लूकाले आफ्ना पाठकवृन्दहरूलाई येशूले देखाउनुभएको अधिकारको बराबरीमा कोही पनि थिएन भनेर देखाउन चाहेका थिए। येशू साधारण श्रमवर्ग सिकर्मीको घरमा जन्मनुभएको थियो। उहाँलाई नासरथ भन्ने सानो शहरमा ३० वर्षसम्म हुर्कनुभएको थियो। उहाँलाई कुनै विश्व विख्यात मानिसहरूले चिनेका थिएनन्। तर समाजका प्रत्येक स्तरका मानिसहरूसँग उहाँ परिचित हुनुभएको हुनुहुन्थ्यो जस्तैः रोमी शासकहरू, यहूदी चिन्तक वा विद्वानहरू, यहूदी धर्मका रबी तथा पण्डितहरू, सर्वसाधारण मानिसहरू, सांसारिक तथा धार्मिक अगुवाहरू आदि। उहाँले आफ्नो शिक्षादीक्षा र सेवाकार्यद्वारा ती मानिसहरूको बीचमा गर्नुभएको थियो। उहाँको मुखारबाट निस्केको अनुग्रहपूर्ण वचनले उहाँका गाउँलेहरू तिनछक्क पर्दथे (लूका ४:२२ रूपान्तरित)। उहाँले नइन गाउँमा एक जना विधवाको मरेको छोरोलाई बिउँताउँदा उहाँले त्यस विधवाको हृदयमा आशाको किरण बाल्नुभएको थियो (लूका ७:११-१७)। सारा गाउँलेहरूले हर्षित भएर भने “आफ्ना मानिसहरूलाई सहयोग गर्न परमेश्वर आउनुभयो" (लूका ७:१६ रूपान्तरित)। जीवन र मृत्युमाथि येशूको अधिकार हुँदा नइनमा मात्र होइन सारा यहुदिया र वरिपरिरहेका क्षेत्रहरूमा पनि उहाँको यश फैलिएको थियो (पद १६,१७ रूपान्तरित)।

येशूले कस्तो खालको अधिकार प्रयोग गर्नुभएको थियो भनेर देहायका पदहरूले कसरी देखाउँछन् हेर्नुहोस्: लूका ८:२२-२५ "एक दिन उहाँ आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभयो, र उहाँले तिनीहरूलाई भन्नुभयो, "हामी तालको पारिपट्टि जाऔं।" र उहाँहरू डुङ्गामा चढ़ी जानुभयो। २३ डुङ्गामा जाँदैगर्दा उहाँ निदाउनुभयो। तालमा आँधीबेहरी चल्न लाग्यो। डुङ्गा पानीले भरिन लाग्यो, र तिनीहरू आपद्मा परे। २४ अनि तिनीहरूले नजिक आएर उहाँलाई यसो भन्दै ब्यूँझाए, "गुरुज्यू, गुरुज्यू, हामी डुब्न लाग्यौं।" उहाँले उठेर बतास र प्रचण्ड लहरलाई हकार्नुभयो, र ती थामिए अनि सबै शान्त भयो। २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको विश्वास कहाँ गयो?" तिनीहरू भयभीत भए, अनि आश्चर्यचकित भए र आपसमा भन्न लागे, "यिनी को हुन्? यिनले बतास र पानीलाई समेत आज्ञा दिन्छन्, अनि तिनीहरू यिनको आज्ञा मान्छन्।" , लूका ४:३१-३९ "उहाँ गालीलको एउटा सहर कफर्नहुममा झर्नुभयो। शबाथ-दिनमा उहाँले तिनीहरूलाई शिक्षा दिँदैहुनुहुन्थ्यो। ३२ तिनीहरू उहाँको शिक्षामा छक्क परे, किनकि उहाँको वचन अधिकारपूर्ण थियो। ३३ सभाघरमा अशुद्ध भूतात्मा लागेको एक जना मानिस थियो, र त्यो चर्को सोरले चिच्च्यायो, ३४ "हे येशू नासरी, तपाईंको हामीहरूसँग के काम? के तपाईं हामीहरूलाई नष्ट गर्न आउनुभएको हो? मलाई थाहा छ, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" ३५ अनि येशूले त्यसलाई हकारेर भन्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा।" त्यस मानिसलाई बीचमा पछारेर त्यसलाई केही हानि नगरिकन त्यो भूतात्मा त्यसबाट निस्केर गयो। ३६ तब तिनीहरू सबै छक्क परे, र आपसमा यसो भने, "यो कस्तो वचन हो? यिनले त अधिकार र शक्तिसित अशुद्ध आत्माहरूलाई आज्ञा गर्दछन्, र ती निस्किजान्छन्।" ३७ उहाँको चर्चा वरिपरिका मुलुकको हरेक ठाउँमा फिँजियो।", लूका ५:१७-२६ "एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो। १८ मानिसहरूले एउटा पक्षाघाती मानिसलाई खाटमा ल्याए, र तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको अगाडि राखिदिन खोजे। १९ तर भीड़ले गर्दा त्यसलाई भित्र लैजाने केही बाटो नपाएर

तिनीहरू छतमाथि चढ़े, र तिनीहरूले झिँगटी हटाएर त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओरालिदिए। २० अनि उहाँले तिनीहरूको विश्वास देखेर भन्नुभयो, "ए मानिस, तिम्रा पाप क्षमा भयो।" २१ तब शास्त्रीहरू र फरिसीहरूले प्रश्न गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो को हो? पाप त परमेश्वरले मात्र क्षमा गर्न सक्नुहुन्छ।" २२ तर येशूले तिनीहरूको प्रश्न थाहा पाएर तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "तिमीहरू आफ्ना हृदयमा किन प्रश्न गर्दछौ? २३ 'तिम्रा पाप क्षमा भयो' भन्नु कि 'उठेर हिँड़' भन्नु, कुनचाहिँ सजिलो छ? २४ तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान।" त्यसपछि उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ र आफ्नो खाट उठाएर घर जाऊ।" २५ अनि त्यो तुरुन्तै तिनीहरूकै सामुन्ने उठ्यो, र जुन खाटमा त्यो पड़िरहेको थियो सो उठाएर परमेश्वरको महिमा गर्दै त्यो आफ्नो घरतिर लाग्यो। २६ तब सबै जना आश्चर्यमा परे, र तिनीहरूले परमेश्वरको महिमा गरे, र भयभीत भएर यसो भने, "आज हामीले अनौठा कुरा देख्यौं।", लूका ७:३६-४९ "फरिसीहरूमध्ये एक जनाले उहाँलाई भोजन गर्न निम्तो दिए, र उहाँ त्यस फरिसीको घरमा गएर खान बस्नुभयो। ३७ त्यस सहरमा एउटी पापी स्त्री थिई। फरिसीको घरमा येशू खान बस्नुभएको छ भन्ने सुनेर, र एउटा सिङ्गमरमरको शीशीमा अत्तर लिएर त्यो त्यहाँ आई, ३८ र पछिल्तिरबाट उहाँका पाउनेर उभिएर, रुँदै उहाँका पाउ आँसुले भिजाउन लागी, र आफ्नो शिरका कपालले पुछ्दै उहाँका पाउलाई चुम्बन गरी, र त्यो अत्तर घस्न लागी। ३९ उहाँलाई निम्तो गर्ने फरिसीले यो देखेर मनमनै यसो भन्न लागे, "यिनी अगमवक्ता हुँदा हुन् ता यिनलाई छुने को र कस्ती स्त्री हो भनी यिनले जान्नेथिए, किनकि यो त पापीनी हो।" ४० येशूले त्यस फरिसीलाई भन्नुभयो, "ए सिमोन, तिमीलाई केही भन्नु छ।" तिनले भने, "गुरुज्यू, भन्नुहोस्।" ४१ "कोही साहूकारका दुई ऋणीहरू थिए, एउटाले पाँच सय रुपियाँ र अर्कोले पचास रुपियाँ ऋण लिएका थिए। ४२ तर तिनीहरूसित तिर्ने केही नहुँदा तिनले दुवैलाई माफी दिए। यसकारण भन त, यी दुईमध्ये कुनचाहिँले तिनलाई बढ़ी प्रेम गर्नेछ?" ४३ सिमोनले भने, "म ठान्छु, जसले बढ़ी क्षमा पायो।" उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीकै विचार गरेका छौ।" ४४ अनि

त्यस स्त्रीतिर फर्केर उहाँले सिमोनलाई भन्नुभयो, "यस स्त्रीलाई देख्तछौ? म तिम्रो घरभित्र आएँ, तर तिमीले मलाई पाउ धुने पानी दिएनौ, तर यसले मेरा पाउ आँसुले भिजाई, र आफ्ना केशले पुछी। ४५ तिमीले मलाई चुम्बन गरेनौ, तर यसले त, यहाँ म आएदेखि, मेरा पाउ चुम्बन गर्न छोड़ेकी छैन। ४६ तिमीले मेरो शिरमा तेल घसिदिएनौ, तर यसले त मेरा खुट्टामा अत्तर घसेकी छे। ४७ यसकारण म तिमीलाई भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढ़ी प्रेम देखाई। तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ।" ४८ अनि उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रा पाप क्षमा भएका छन्।" ४९ खान बस्नेहरूले आपसमा भन्न लागे, "पाप क्षमा गर्ने यिनीचाहिँ को हुन्?" ५० उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रो विश्वासले तिमीलाई बचाएको छ, शान्तिसाथ जाऊ।" र लूका १२:८ " "म तिमीहरूलाई भन्दछु, हरेक जसले मलाई मानिसहरूका सामुन्ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरूका सामुन्ने स्वीकार गर्नेछ।"

**लूकाले ती सबै लेखाहरू केवल उसको मित्र थियोफिलसलाई मात्र लेखेका थिएन तर आउने सबै भावी पुस्ताहरूको निम्ति पनि लेखेका थिए। आफ्नो अख्तियार कस्तो थियो भनेर येशूले आफ्नो काम र वचनद्वारा स्पष्ट पार्नुभएको थियो। परमेश्वर मानव शरीरमा आउनुभएतापनि येशूमा भएको अधिकार संसारको कुनै व्यक्तिमा थिएन।**

धेरै मानिसहरू परमेश्वरको नाउँमा ठूला ठूला वा अचम्मका कामहरू पनि गर्दछन्। तिनीहरूको कामले तिनीहरूमा कतिको अधिकार छ भनेर देखाउँदछ। "परमेश्वरले मलाई यो गर्न अऱ्हाउनुभयो" भनेर जिकिर गर्दा परमेश्वरले नै अऱ्हाउनुभएको हो भनेर हामी कसरी यकिन हुने? त्यसबारे गहिरिएर सोच्नुहोस्।

## २. येशूख्रीष्टको मुखारबाट निस्केका महान् प्रवचन (लूका ६:२०-४९)

**येशूको मुखारबाट निस्केका डाँडामा दिनुभएको उपदेशलाई (मत्ती ५-७) साहित्यिक क्षेत्रमा इसाई शिक्षादीक्षाको उत्कृष्ट सन्देश हुन् भनेर प्रशंसा गरेको छ। लुकाले लूका ६:२०-४९मा आँशिक रूपमा त्यस प्रवचनलाई उल्लेख गरेका छन् भने बाँकि भाग अन्यत्र ठाउँहरूमा**

लेखेका छन्। येशूले आफ्ना चेलाहरूलाई आधिकारिक रूपमा नियुक्त गरेको लगत्तैपछि त्यो प्रवचन लूकाले उल्लेख गर्दछन् (लूका ६:१३)। यसले गर्दा बाइबलका विद्वानहरूले यो भन्दछन् कि येशूले दिनुभएको ती उपदेशहरू आफ्ना बाह्र चेलाहरूलाई दिनुभएको विशेष निर्देशन हो।

लूका ६:२०-४९मा येशूको प्रवचन चारवटा श्यावास अर्थात् आशिषहरू र चारवटा धिक्कार वा ठूलो अपसोच दिएर सुरू गर्नुहुन्छ। तर इसाई आचारसहिंताको निम्ति अरू महत्त्वपूर्ण खाकाहरू पनि दिएका छन्।

येशूले दिनुभएको उपदेशको आँशिक भाग लूका ६:२०-४९मा दिएको छ ध्यानपूर्वक पढ्नुहोस्। त्यहाँ दिएका नीतिहरू तपाईंले कतिसम्म आत्मसात् गरेर पालन गर्नुभएको छ? हेर्नुहोस्: "तब उहाँले आफ्ना चेलाहरूमाथि नजर उचालेर भन्नुभयोः "धन्य तिमी, दीन हुनेहरू, किनभने परमेश्वरको राज्य तिमीहरूकै हो। २१ धन्य तिमी, अहिले भोकाउनेहरू, किनभने तिमीहरू तृप्त हुनेछौ। धन्य तिमी, अहिले रुनेहरू, किनभने तिमीहरू हाँस्नेछौ। २२ धन्य तिमीहरू, जब मानिसहरूले तिमीहरूलाई मानिसको पुत्रको खातिर घृणा गर्नेछन्, र बहिष्कार गर्नेछन्, र गिल्ला गर्नेछन्, र दुष्ट ठानी तिमीहरूका नाउँलाई अपमान गर्नेछन्। २३ "त्यस दिन रमाओ, र खुशीले उफ्र, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनकि तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई त्यसै गरेथे। २४ "तर धिक्कार, तिमी धनीहरू! किनभने तिमीहरूले आफ्नो सुख-चैन पाइसकेका छौ। २५ धिक्कार, तिमी अहिले तृप्त भएकाहरू! किनभने तिमीहरू भोकाउनेछौ। धिक्कार, तिमी अहिले हाँस्नेहरू! किनभने तिमीहरू शोक गर्नेछौ र रुनेछौ। २६ धिक्कार, तिमीलाई, जब सबै मानिसहरूले तिमीहरूको प्रशंसा गर्नेछन्! किनकि यसरी नै तिनीहरूका पुर्खाहरूले झूटा अगमवक्ताहरूलाई गरेथे। २७ "तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाइ गर, २८ सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर। २९ तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान देओ। ३० तिमीसित माग्ने हरेकलाई देओ, र तिम्रो चीजबीज लानेसँग फेरि नमाग। ३१ जसो मानिसहरूले तिमीहरूसँग

गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै
गर। ३२ "तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ भने, तिमीहरूलाई
के लाभ भयो? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेम
गर्दछन्। ३३ तिमीहरूको भलाइ गर्नेहरूलाई भलाइ गर्दछौ भने,
तिमीहरूलाई के लाभ भयो र? किनकि पापीहरूले पनि त्यसै गर्दछन्।
३४ यदि फिर्ता पाउने आशा राखेर कसैलाई ऋण दिन्छौ भने,
तिमीहरूलाई के लाभ भयो र? किनकि फेरि उत्ति नै पाउने आशा राखेर
पापीहरूले पापीहरूलाई ऋण दिन्छन्। ३५ तर आफ्ना शत्रुहरूलाई
प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण
देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान
ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। ३६
तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ। ३७
"अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिनेछैन। अरूलाई
दोषी नठहराओ, र तिमीहरू दोषी ठहराइनेछैनौ। क्षमा गर, र
तिमीहरूलाई पनि क्षमा गरिनेछ। ३८ देओ, र तिमीहरूलाई पनि
दिइनेछ। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर,
पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि जुन नापले
तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।" ३९
अनि उहाँले तिनीहरूलाई एउटा दृष्टान्त पनि भन्नुभयोः "के अन्धाले
अन्धालाई डोऱ्याउन सक्छ? के तिनीहरू दुवै खाड़लमा पर्दैनन् र? ४०
चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन, तर पूरा शिक्षा पाएपछि ऊ आफ्ना
गुरुजस्तै हुनेछ। ४१ "आफ्नो भाइको आँखामा भएको छेस्को तिमी
किन देख्तछौ, तर आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४२
तिमी आफ्नो आँखामा भएको मूढ़ा देख्दैनौ भने, आफ्नो भाइलाई 'ए
भाइ, तिम्रो आँखामा भएको छेस्को मलाई निकाल्न देऊ' भनी तिमी
कसरी भन्न सक्छौ? ए कपटी, पहिला आफ्नै आँखाबाट मूढ़ा निकाल, र
तब तिमीले भाइको आँखामा भएको छेस्को निकाल्नलाई छर्लङ्गै देख्न
सक्छौ। ४३ "कुनै असल रूखले खराब फल फलाउँदैन, न त खराब
रूखले असल फल फलाउँछ। ४४ हरेक रूख त्यसको फलैबाट
चिनिन्छ। किनभने काँढ़ाका झाँगबाट कसैले अञ्जीर बटुल्दैन, न त
पोथ्राबाट अंगूर बटुल्दछ। ४५ असल मानिसले आफ्नो हृदयको असल

भण्डारबाट असलै थोक निकाल्दछ, र दुष्ट मानिसले आफ्नो हृदयको दुष्ट भण्डारबाट दुष्ट थोक नै निकाल्दछ। किनकि जुन कुराले हृदय भरिएको हुन्छ, मानिसको मुखबाट त्यही निस्कन्छ। ४६ "मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु,' भन्दछौ? ४७ जो मकहाँ आउँछ, मेरा वचन सुन्छ र तीअनुसार गर्छ, त्यो कस्तो मानिस हो, म तिमीहरूलाई बताउनेछु। ४८ त्यो एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो। अनि जब भल चल्यो, र जलप्रवाह उर्लिआएर त्यस घरमा ठोकियो, तब त्यस घरलाई हल्लाउन सकेन, किनकि त्यो पक्का बनाइएको थियो। ४९ तर जसले सुन्छ र पनि त्यसअनुसार गर्दैन, त्यो एक जना यस्तो मानिस हो, जसले जमिनमाथि जगविनाको घर बनायो। जब त्यस घरमाथि भल आएर ठोकियो, तब त्यो घर तुरुन्तै ढल्यो, र त्यस घरको ठूलो सर्वनाश भयो।"

१. येशूभक्तले पाउने आशिषहरू (लूका ६:२०-२२)। **कस्तो अचम्म गरिब, भोक, रोदन र सबैको सामु तिरस्कृत हुनुभनेको त आशिषमय पो रहेछ! यो कसरी हुन्छ होला?**
२. दुःखकष्ट समस्या आइपर्दा येशूभक्तहरू आनन्दित हुनुपर्छ रे! (लूका ६:२२, २३)।
३. धिक्कार हुनुबाट सुरक्षित हुनु (लूका ६:२४-२६)। **एक एक गरेर चारवटा धिक्कारहरू फेरि पढ्नुहोस्। यस्ता तत्वहरूबाट येशूभक्तहरू किन सुरक्षित हुनुपर्छ?**
४. येशूभक्तले आत्मसात् गर्नुपर्ने येशूको विशेष निर्देशन (लूका ६:२७-३१)। **प्रेमलाई कसरी परिचालन गर्ने भनेर सुनौलो नियम जस्तो येशूको निर्देशनको वादविवाद र प्रतिवाद अरू कुनै छैन। फेरि यो जस्तो पालन गर्नुपर्ने कठिन नीति पनि अरू छैन। तर येशूभक्त वा इसाईले पालन गर्नुपर्ने नीति सकारात्मक हुन्छ नकारात्मक हुँदैन। के गर्नु हुँदैनको सट्टामा के गर्नुपर्छ भनेर इसाई नीतिमा समावेश गरिएको छ। "तिमीहरूले आफ्नो बैरी वा प्रतिद्वन्दीलाई घृणा गर" भनेको छैन बरू उसलाई प्रेम गर भनिएको छ। दाँतको बदला दाँत र आँखाको बदला आँखाको सट्टा सुनौलो नीतिले सबैको हित**

शुद्ध हृदयले गर्नुपर्छ भनेर सिकाउँदछ। (कसैले थप्पड हाने अर्को गाला पनि थापिदेऊ रे!)। येशूले डाँडामा दिनुभएको प्रवचन महात्मा गान्धीको सबभन्दा मनपर्ने उपदेशहरू हुन्। यसै सुनौलो नियमबाट उनले अहिंसाको नयाँ राजनैतिक दर्शनको विकास गरेका थिए। खराबलाई असलको शक्तिले जित्ने प्रण महात्मा गान्धीले येशूकै उपदेशबाट प्रेरित भएका थिए। त्यही सिद्धान्त अपनाएर उनले बेलायतबाट भारतलाई स्वतन्त्र बनाउन सफल भएका थिए। त्यही नीति अपनाएर प्रशिद्ध मानव अधिकारवादी मार्टिन लुथर जुनियरले अमेरिकामा भएको अश्वेत जातिको बिरुद्धमा भएको बरबर्तालाई अन्त गरेर गोरा र कालाको बीचमा भएको भेदवावलाई अन्त्य गरेका थिए। जहाँ प्रेमले शासन गर्छ त्यहाँको गद्दीमा आशिष आसिन हुन्छ।

५. येशूपथ (लूका ६:३७-४२) वा सही इसाई नीतिलाई येशूले दिनुभएको निर्देशन हेर्नुहोस्ः **सदाशयता तथा क्षमाशीलता, दानी स्वभाव, सफा जीवन शैली र आफूले चाहेको अनुसार होइन अरू मानिस जस्तो छ त्यस्तै स्वीकार वा ग्रहण गर्ने आदि।**
६. कसैले आफू येशूभक्त वा इसाई हुँ भनेर दावी गर्छ भने ऊ फलदायी हुनुपर्छ (लूका ६:४३-४५)।
७. सही इसाई वा येशूभक्तको जीवनको घर कसमा निर्माण गर्नुपर्छ (लूका ६:४८,४९)।

## ३. नयाँ परिवार (लूका ५:२७-३२)

येशू आउनुभन्दा अघि र पछिका महान् गुरूहरूले एकता र प्रेमको बारेमा धेरै नीतिहरू सिकाएका थिए र सिकाइनै रहेका छन्। तर येशूले केवल सिकाउनु मात्र भएर, निर्देशनमात्र दिनुभएन वा प्रवचनमात्र दिनुभएन, उहाँले आफू खुद संलघ्न भएर मानिस मानिसको बीचमा ल्याउने बिभाजनको पर्खालालाई भत्काउनुभयो र सम्पूर्ण मानव प्राणीलाई एक नयाँ परिवारमा संलघ्न गराउनुभयो। अगापे वा कुनै पनि पूर्वाग्रहरहित प्रेमको झन्डमुनी ख्रीष्टले नयाँ परिवारको संगठन सृजना गर्नुभयो। त्यस परिवारले संसारको सृष्टिको सुरूमा भएको आदर्श प्रेमको

नीतिलाई जनसमक्ष प्रदर्शन गर्दछ। प्रत्येक मानव प्राणी परमेश्वरको स्वरुपमा सृष्टि भएको हो भनेर त्यस नीतिले समर्थन गर्दछ (उत्पत्ति १:२६,२७) त्यतिमात्र होइन सबै मानिसहरू उहाँको नजरमा बराबर छन्।

पारिवारिक वन्धन महत्त्वपूर्ण छ, जस्तै आमाबाबु, तिनीहरूका सन्तान, दाजुभाईदिदीबहिनी आदि। हेर्नुहोस् लूका ८:१९-२१ "उहाँका आमा र भाइहरू उहाँकहाँ आए, तर भीड़ले गर्दा उहाँको नजिक आउन सकेनन्। २० उहाँलाई कसैले भने, "तपाईंका आमा र भाइहरू तपाईंलाई भेट गर्ने इच्छाले बाहिर उभिरहेका छन्।" २१ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरी आमा र मेरा भाइहरू ती नै हुन्, जसले परमेश्वरको वचन सुन्छन्, र त्यो पालन गर्छन्।" तर येशूले हामीहरूलाई केवल भौतिक सांसारिक परिवारको रूपमा मात्र हेर्नुभएन तर हामी स्वर्ग र पृथ्वीमा भएका पूरक परिवार हौं भनेर हेर्नुभएको थियो (एफिसी ३:१५ रूपान्तरित)। जसरी एउटै बाबुआमाको सन्तान नजिक हुन्छन् त्यसरी नै इसाई परिवार वा येशूभक्तहरू एक आपसमा नजिक हुनुपर्छ। येशूको निम्ति सही परिवारलाई जाँच्ने रगत परिक्षणद्वारा होइन तर परमेश्वरको इच्छा पालन गर्नु हो।

मानिस मानिसको बीचमा विभिन्न कारणहरूले भएको छुवाछुत वा अरू पर्खालहरू येशूले चक्नाचुर गर्नुभएको थियो भनेर देहायका पदहरूले कसरी सिकाउँदछन्? (ती पर्खालहरूले मानिस मानिसको बीचमा भेदभावको पर्खालमात्र होइन त्यसले भयङ्कर विभत्स नतिजा पनि ल्याएको पाइएको छ)। हेर्नुहोस्: लूका ५:२७-३२ "अनि यी कुरापछि उहाँ बाहिर जानुभयो, र लेवी नाउँ भएका एक जना कर उठाउनेलाई कर-अड्डामा बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" २८ तब तिनले सबै थोक छोड़े, र उठेर उहाँको पछि लागे। २९ लेवीले आफ्नो घरमा उहाँको निम्ति ठूलो भोजको आयोजन गरे। त्यहाँ कर उठाउनेहरू र अरूहरू ठूलो संख्यामा उहाँहरूसँग भोजमा बसेका थिए। ३० फरिसीहरू र तिनीहरूका शास्त्रीहरू उहाँका चेलाहरूका विरुद्धमा यसो भनेर गनगनाउन लागे, "तिमीहरू कर उठाउनेहरू र पापीहरूसँग किन खानपान गर्दछौ?" ३१ तर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीलाई वैद्यको खाँचो पर्दैन, तर रोगीलाई

मात्र। ३२ म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ।", लूका ७:१-१० "आफ्ना सबै कुरा मानिसहरूलाई सुनाइसकेपछि उहाँ कफर्नहुममा प्रवेश गर्नुभयो। २ कुनै एक जना कप्तानको एक जना प्यारो कमारो थियो, जो बिरामी भएर मर्नै लागेको थियो। ३ जब येशूको बारेमा तिनले सुने, तब तिनको कमारालाई निको पारिदिनोस् भनी तिनले यहूदीहरूका धर्म-गुरुहरूलाई बिन्ती गर्न पठाए। ४ तिनीहरू येशूकहाँ आएर यसो भनेर उहाँलाई आग्रहपूर्वक बिन्ती गरे, "तिनी तपाईंको यो कृपा पाउने योग्यका छन्, ५ किनभने तिनले हाम्रो जातिलाई प्रेम गर्दछन्, र तिनले नै हाम्रो सभाघर बनाइदिएका हुन्।" ६ येशू तिनीहरूसाथ जानुभयो। कप्तानको घरको नजिकै उहाँ हुनुहुँदा, कप्तानले तिनका मित्रहरूलाई उहाँकहाँ यसो भनी पठाए, "हे प्रभु, दुःख नउठाउनुहोस्, किनकि तपाईं मेरो घरभित्र प्रवेश गर्नुहुने योग्यको म छैनँ, ७ मैले आफैलाई पनि तपाईंकहाँ आउने योग्यको ठानिनँ। तर वचन भनिदिनुहोस्, र मेरो चाकर निको हुनेछ। ८ किनकि म पनि अख्तियारमुनि बस्ने मानिस हुँ, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एउटालाई 'जा' भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यो गर' भन्छु, अनि त्यसले गर्छ।" ९ यो कुरा सुनेर येशू तिनीसँग आश्चर्यचकित हुनुभयो, र फर्केर आफूपछि आउने भीड़लाई भन्नुभयो, "म तिमीहरूलाई भन्छु, मैले इस्राएलमा पनि यस्तो ठूलो विश्वास देखेको छैनँ।" १० जब पठाइएका मानिसहरू घर फर्केर गए, तिनीहरूले त्यस कमारालाई निको भएको भेट्टाए।", लूका १४:१५-२४ "उहाँसँग खान बस्नेहरूमध्ये एक जनाले यी कुरा सुनेर उहाँलाई भन्यो, "त्यो धन्य हो, जसले परमेश्वरको राज्यमा भोज खानेछ!" १६ तर उहाँले त्यसलाई भन्नुभयो, "कुनै एक जना मानिसले बेलुकीको एउटा विराट् भोज तयार गर्‍यो, र धेरैलाई निम्तो दियो। १७ उसले आफ्नो नोकरलाई भोजन खाने बेलामा निम्ताराहरूलाई यसो भन्न पठायो, 'आउनुहोस्, अब सब थोक तयार छ।' १८ "तर तिनीहरू सबैले समान रूपले एकनासको बहाना बनाउन लागे। पहिलोले त्यसलाई भन्यो, 'मैले एउटा खेत किनेको छु, मलाई त्यो हेर्न जानुपरेको छ। म बिन्ती गर्दछु, मलाई माफी होस्।' १९ "अनि अर्काले भन्यो, 'मैले पाँच हल गोरु किनेको छु, म ती हेर्न

जान्छु। म बिन्ती गर्दछु, मलाई माफी होस्।' २० "अर्काले भन्यो, 'मैले विवाह गरेको छु। यसकारण म आउन सक्दिनँ।' २१ "तब नोकरले आएर आफ्नो मालिकलाई यो कुरा भनिदियो। तब घरको मालिकले रिसाएर आफ्नो नोकरलाई भन्यो, 'सहरका सड़कहरू र गल्लीहरूमा चाँड़ो जा, र गरीबहरू, लुलाहरू, अन्धाहरूलाई, लङ्गड़ाहरूलाई यहाँ भित्र ले।' २२ "तब नोकरले भन्यो, 'हजूरले आज्ञा गर्नुभएबमोजिम काम भएको छ, तर अझै ठाउँ खाली छ।' २३ मालिकले नोकरलाई भन्यो, 'मूल सड़कहरू र गल्लीहरू हुँदो गएर मानिसहरूलाई भित्र आउन कर लगा, र मेरो घर भरिओस्। २४ किनभने म तिमीहरूलाई भन्दछु, निम्ताराहरूमध्ये कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैन'।" र लूका १७:११-१९ "येशू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। यस यात्रामा उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो। १२ उहाँ एउटा गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग उहाँको भेट भयो। टाढ़ै उभिएर तिनीहरूले १३ चर्को सोरले भने, "हे येशू गुरुज्यू, हामीमाथि कृपा गर्नुहोस्।" १४ उहाँले तिनीहरूलाई देखेर भन्नुभयो, "जाओ, गएर पूजाहारीकहाँ आफैलाई देखाओ।" तिनीहरू जाँदाजाँदै निको भइहाले। १५ तिनीहरूमध्ये एक जनाले आफू निको भएको देख्यो, र उच्च सोरले परमेश्वरको महिमा गर्दै त्यो फर्क्यो, १६ र येशूलाई धन्यवाद दिएर त्यो येशूका पाउमा घोप्टो पर्‍यो। त्यो एक सामरी थियो। १७ येशूले भन्नुभयो, "के निको भएका दश जना होइनन् र? अरू नौ जना कहाँ छन्? १८ के यो विदेशीबाहेक फर्किआएर परमेश्वरको प्रशंसा गर्ने अरू कोही भएन?" १९ अनि उहाँले त्यसलाई भन्नुभयो, "उठ, र आफ्नो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।"

**आफ्नो लक्ष्य र सेवाकार्यमा हिँड्नुभएको येशूले आफूमा भएको सदाशय तथा क्षमाशीलता र अनुग्रही प्रेमलाई कसैलाई पनि अश्वीकार गर्नुभएन। उहाँले कसैलाई पनि जातभात, धर्म, देशीविदेशी, छुवाछुत, जनजाति आदि भनेर अलग गर्नुभएन। जसले उहाँको आह्वानलाई ग्रहण गर्छ त्यसले उहाँको स्वभावमा भित्रिन अवसर पाउँछ। उहाँको अतुलनीय र अनन्तको प्रेमले समाजमा रहेका सबै प्रकारका मानव प्राणीलाई आफ्नो छत्रछायाँमा एकत्रित गर्नुभएको थियो।**

हामी चर्चको सदस्य भएको हैशियतले येशूले देखाउनु भएको मानव मूल्य र मान्यताको सही मानव अधिकारलाई कसरी अझ राम्ररी कसरी आलिङ्गन गर्ने?

## ४. प्रेमको सही व्याख्याः असल सामरीको अर्तीकथाः भाग १ (लूका १०:२५-२८)

**यो रोचकपूर्ण छ कि चार वटा सुसमाचारका पुस्तकहरूमा केवल लूकाले मात्र बेपत्ता भएको पुत्र र असल सामरीको (लूका १०:२५-३७) अर्तीकथाको लेखा राखेका छन्। बेपत्ता भएको पुत्रको कथाले पापीहरूप्रति परमेश्वरको अचम्मको प्रेम कसरी दर्शाउनुहुन्छ भनेर देखाउँछ भने दोस्रो अर्तीकथाले हामीहरूको प्रेम अरू मानव जातिप्रति कस्तो हुनुपर्छ भनेर देखाउँछ। येशूले परिभाषा गर्नुभएको "छिमेकी"लाई हामी सबैले मान्नुपर्छ र स्वीकार गर्नुपर्छ। सारा मानव प्राणी परमेश्वरका सन्तान हुन् र तिनीहरू प्रेम र पूर्वाग्रहरहित समानताको भागीदार हुन्।**

लूका १०:२५-२८मा दुई अत्यन्त महत्त्वपूर्ण जिज्ञासाहरू उल्लेख गरेका छन्। अत्यन्त गहिरो ध्यान दिएर ती जिज्ञासाहरू पढ्नुहोस्। ती दुवै प्रश्नहरू येशूभक्तको विश्वास, जीवन अर्थात् आचारसंहीतासँग कसरी सम्बन्धित र समयसापेक्षित छन्, सोच्नुहोस्: “२५ व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, “गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?” २६ उहाँले तिनलाई भन्नुभयो, “व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ?” २७ तिनले भने, “तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर।” २८ उहाँले तिनलाई भन्नुभयो, “तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।”

**१)** “हे स्वामी, मैले अनन्त जीवनमा भागीदार हुन के गर्नुपर्छ? (पद २५ रूपान्तरित)। **व्यवस्थाको पण्डितले अनन्त जीवन प्राप्त गर्न चाहना व्यक्त गरेको थियो। पापबाट मुक्त हुनु र परमेश्वरको राज्यमा भित्रनु जस्तो मानिसको महान् आदर्श आकांक्षा अरू कुनै हुन सक्दैन। तर धर्मशास्त्रको पण्डित अर्थात्**

पुरानो करार र अरू शास्त्रहरूको ज्ञानमा खप्पिस भएतापनि अरू धार्मिक गुरूहरू जस्तै उसमा अनन्त जीवन पाउन गलत धारणा थियोः अनन्त जीवन पाउन असल, धर्मकर्म, परोपकारी वा उपकारी काम गर्नुपर्छ। तर "पापको ज्याला मृत्यु हो र येशू ख्रीष्टमा उपलब्ध भएको परमेश्वरको बरदान नै अनन्त जीवन हो" (रोमी ६:२३ रूपान्तरित) भन्ने आत्मज्ञान उक्त पण्डितमा थिएन भनेर स्पष्ट रूपले देखाउँदछ।

२) "धर्मशास्त्र तथा व्यवस्थामा के लेखिएको छ? तिमीले पढेर के बुझ्यौ?" (लूका १०:२६ रूपान्तरित)। येशूको समयमा गन्यमान्य यहूदी वा यस पण्डितहरूक नाडीमा जन्तर वा पट्टी बाँध्नु पर्थ्यो। त्यस जन्तरमा सानो झोला वा बट्टा हुन्थ्यो जसमा पुरानो करार वा टोराहका शिक्षादीक्षाका भागहरू लेखेर राखेका हुन्थे। येशूले सोध्नुभएको प्रश्नको जवाफको केही भाग त्यसमा हुन्थ्यो। जब येशूले सोध्नुभयो त्यस प्रश्नले व्यवस्था (व्यवस्था ६:५) र लेबी (लेबी १९:१८)मा लेखिएका कुराहरूमा लक्षित थियो। त्यस पण्डितको प्रश्नको जवाफ उसले आफ्नै नाडीको पट्टीमा रहेको हुनुपर्थ्यो। तर औपचारिक रूपमा वा देखावटी रूपमा मानौं धर्मात्मा भएको देखाउन परमेश्वरको वचन उसको नाडीमा बाँधिएको हुनसक्थ्यो तर उसको हृदयमाचाहिँ घुसेको थिएन। त्यस शास्त्री वा पण्डितलाई येशूले महान् सत्यतिर निर्देशित गर्नुभएको थियोः अनन्त जीवन। परमेश्वरलाई सम्पूर्ण हृदयले प्रेम गर्नु र परमेश्वरका सृष्टि विशेष गरेर अरू मानव प्राणी वा छिमेकीलाई आफूलाई जस्तो प्रेम गर्नुमा नै अनन्त जीवनको सत्य ज्ञान लुकिएको थियो। औपचारिक विधि वा धर्मकर्म पालन गरेर मुक्ति पाइँदैन भन्ने येशूको जिकिर थियो। तर त्यो पण्डित केही हदमा जिद्दिवाल थियो त्यसकारण उसले अर्को प्रश्न येशूलाई सोध्यो "मेरो छिमेकी को हो त?"

तपाईं अनुग्रहद्वारा नै साँच्चिकै मुक्ति पाउनुभएको छ भनेर तपाईंसँग के प्रमाण छ? आफ्नो कामद्वारा होइन विश्वासद्वारा तपाईंको पाप क्षमा भएको छ र धर्मी जीवन बिताउनुभएको छ भनेर तपाईंको जीवनशैलीले कसरी देखाउँछ?

## ५. प्रेमको व्याख्या: असल सामरीको अर्तीकथा: भाग २ (लूका १०:३०-३७)

आफू धर्मशास्त्र तत्कालिन बाइबल र व्यवस्थाहरूको शास्त्री भएको कारणले उसले आफूले आफैलाई धर्मात्मा भएको स्यावास दिन्थ्यो। आफू पवित्र भएको र मुक्ति पाएको दावी उसले गर्थ्यो। त्यसकारण आफू चोखो हुन येशूलाई प्रश्न गर्छ, "मेरो छिमेकी को हो त?" (लूका १०:२९ रूपान्तरित)।

यहूदी धर्मशास्त्र तथा व्यवस्थाको महा पण्डित भएकोले आफ्नो प्रश्नको जवाफ उसलाई थाहा नै हुनुपर्थ्यो। लेबी १९:१८मा दोस्रो महान् आज्ञा कोरिएको थियो। त्यसमा लेखिएको छ "तिम्रा छिमेकीहरू तिम्रा मानिसहरू हुन्" (रूपान्तरित)। त्यसकारण त्यस पण्डितको प्रश्नलाई सिधै जवाफ नदिइकन वा उसँग बादविवादमा नफस्न येशूले त्यसलाई र उहाँका श्रोताहरूलाई उच्च आदर्शनीतितिर उचाल्नुहुन्छ।

लूका १०:३०-३७मा दिएको अर्तीकथामा के के महत्त्वपूर्ण तथा सान्दर्भिक विषयवस्तुहरू छन् र हामीहरूले अरूलाई कसरी व्यवहार गर्नुपर्छ औंल्याउँछन्? हेर्नुहोसः " ३० येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" ३७ तिनले भने, "त्यस

मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"

"कुनै मानिस" डाँकाहरूको फन्दामा पऱ्यो भनेर येशूले भन्नुभएको कुरालाई सोच्नुहोस्। त्यो मानिसको धर्म, जात वा समाजमा उसको स्तर वा प्रतिष्ठालाई येशूले किन औँल्याउनुभएन? कथा कुन् लक्ष्यतिर लम्किन्दैं थियो त्यसले गर्दा त्यो मानिसको जात वा दर्जाको केही मतलब छ र?

मन्दिरको पुजारी र मन्दिरको सेवाकार्यमा रेखदेख गर्ने लेबीले त्यस घाइते मानिसलाई परैवाट हेरेर गए। उसलाई सहयोग नगर्न तिनीहरूको आआफ्नै उचित कारण त होला। तर हामीहरूलाई पनि लक्षित गरिएको प्रश्नलाई हामीहरूले पन्छाउनु हुन्नः सही धर्म के हो? सही धर्मलाई हामीले अपनाएका छौं भनेर कुन हिसाबले हामी देखाउने? (उदाहरणमा त्यसको जवाफ व्यवस्था १०::१२, १३मा " यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्ः तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड़, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, १३ र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान।", मीका ६:८ " ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रो परमेश्वरसित विनम्र भएर हिँड्नू।" र याकूब १:२७ " परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।"

यहूदी र सामरीबीचको सम्बन्धमा घृणा नै घृणाले भरिएको थियो। यहूदीहरूले सामरी जातिलाई अछुत, म्लेच्छ, कुजात भनेर हेप्दथ्यो र सामरीले छोएको पानी यहूदीहरूले पिउँदैनथ्यो। येशूको पालामा त झन तिनीहरूको बैमनश्यता झन चर्किएको थियो (लूका ९:५१-५४, यूहन्ना ४:९)। त्यसकारण येशूले सामरीलाई त्यस अर्तीकथाको नायक बनाउँदा यहूदीहरूलाई कस्तो सन्देश उहाँले दिन चाहेका थिए भनेर स्पष्ट पार्दछ। त्यो घाइटे मानिस यहूदी हुनसक्छ र

सामरीले उसलाई उठाउँदा सामरी जाति र यहूदी जातिको पर्खाल येशूले भत्काउनुभएको जस्तो कडा सन्देश अरू के होला?

सामरीले घाइटेलाई गरेको सेवालाई होशियारसँग व्याख्या गरेको पनि रोचक नै छ। गधामा चढेर गइरहेको सामरीले बाटोमा लम्पछार परिरहेको मानिसलाई देख्छ र उसको मनमा दया र करुणा जागेर आउँछ। उसकहाँ त्यस सामरी जान्छ घाउलाई तेल र दाखमद्यले धोएर मलहमपट्टी लगाइ दिन्छ। अनि आफ्नै गधामा राखेर पौवा वा पसलमा लान्छ र त्यहाँ उसलाई स्याहार्छ। अनि त्यस पौआको धनीलाई पैसा बैना दिन्छ र त्यस बिमारीलाई स्याहार गर्न अनुरोध गर्छ र त्यस धनीले त्यस बिरामीकोलागि गरेको खर्चको बाँकि पैसा आफू फर्केर आएपछि दिन्छु भनेर कबुल गर्दछ। सामरीले गरेको सबै कामले यो देखाउँछ कि सत्य महान् प्रेम के हो (र धर्मको खोल लगाएर  कुटी वा कोठामा बसेर करुणाको बारेमा ठूला ठूला शिक्षा दिने होइन भनेर सिकाउँछ)। आफूलाई अत्यन्त घृणा गर्ने र शत्रु ठान्ने अपरिचित यहूदीलाई त्यस सामरीले देखाएको सरोकार र मायाले यो देखाउँदछ कि सच्चा प्रेमको सिमा हुँदैन।

हुनसक्छ ती पुजारी र लेबीले आफूले आफूहरूलाई यो प्रश्न सोधे होलान्: त्यहाँ एक छिन रोकेर त्यस घाइतेको सेवा गर्‍यो भने हामीलाई के होला? तर सामरीले सोधेः यदि मैले त्यसलाई मद्दत गरिने भने त्यसलाई के होल? ती दुई प्रश्नहरूको बीचमा के भिन्नता छ?

**उपसंहारः** “परमेश्वरवाट सुरुवात भएको निश्वार्थ सेवाकार्यको उत्कृष्ट र आदर्श अनुकरणीय नमूना ख्रीष्टले आफ्नो जीवन र शिक्षादीक्षाहरूबाट देखाउनुभएको थियो। परमेश्वर आफ्नो लागिमात्र जिउनुहुन्न। संसारलाई सृष्टि गरेर त्यसलाई थामना गरेरन उहाँ हरदम अरूको निम्ति काम गरिरहनुभएको छ। “उहाँले दुष्ट मानिस होस् वा असल मानिस होस् आफ्नो घामलाई झल्काउनुहुन्छ। न्यायी र अत्याचारी अर्थात् अन्यायीलाई पनि उहाँले वर्षा पठाउनुहुन्छ। यस्तो आदर्शको सेवाकार्य परमेश्वरले आफ्नो पुत्रलाई सुम्पिनु भएको थियो। सबै मानिसको सामु शीर्षस्थ हुन येशूलाई दिइएको थियो। उहाँको अनुकरणीय उदाहरणले मानिसको सेवा गर्नुभनेको के हो भनेर सिकाइएको थियो। येशूको सम्पूर्ण

जीवन नै सेवा गर्ने नीतिमा चलेको थियो। उहाँले सबैको सेवा गर्नुहुन्छ, सबैको आवश्यकतामा सरिक हुनुहुन्छ। त्यसकारण उहाँ परमेश्वरको व्यवस्था वा नीतिमा रहनुभएको थियो र परमेश्वरको नीति वा व्यवस्थालाई हामीले पनि कसरी पालन गर्ने भनेर उहाँको उदाहरणले हामीलाई देखाउँदछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६५९बाट रूपान्तरित।

असल सामरीको अर्तीकथा कुनै "काल्पनिक होइन तर यथार्थमा घटेको घट्ना हो। जुन पुजारी र लेबी त्यस घाइटेलाई वास्ता नगरि हिँडे तिनीहरू ती समूहमा थिए जसले ख्रीष्टका वचनहरू सुनीरहेका थिए।""-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ४९९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. यस अध्यायको प्रथम् भागमा उल्लेखित प्रश्नलाई फेरि दोहोऱ्याएर पढ्नुहोस्। कतिपयले जे गर्छन् परमेश्वरले नै भन्नुभएकोले गरेको हो भनेर हामी कतिले सुन्छौं। परमेश्वरले हामीसँग कुन् कुन् माध्यमहरूद्वारा बोल्नुहुन्छ? तर फेरि त्यसैबखत हामी जे गर्छौं परमेश्वरकै चाहना अनुसार गरेको हो भनेर हामीहरूको कामलाई अनुमोदन गर्दा खतरा उत्पन्न हुन नदिन हामी कसरी सतर्क हुने?

आ. लूका ६:२४-२६मा उल्लेख गरिएको चार धिक्कारलाई फेरि पढ्नुहोस्। येशूले त्यहाँ के भनिरहुनभएको छ सो हामीले कसरी बुझ्ने? हामीहरूको जीवनमा कस्तो सतर्कता अपनाउनु पर्छ भनेर त्यसले कसरी बताउँछ?

इ. अधिकार पाएर सक्रिय हुनुको बारेमा सोच्नुहोस्। अधिकारले सम्पन्न हुनुभनेको के हो? विभिन्न खालका अधिकारहरू के के हुन्? कुन खालको अधिकार अरूभन्दा शक्तिशाली हुन्छ? हामीहरूको जीवनमा हामीले सामाना गर्नुपरेको विभिन्न अधिकारवालाहरूसँग सामना गर्ने? हामीहरूमाथि अधिकार जमाउनेहरूसँग हामीहरू सहमत भएनौं भने के हुन्छ?